# वैदेशिक रोजगारीले परिवारमा पारेको आर्थिक तथा सामाजिक प्रभाव: सप्तरी जिल्लाको रूपनगर क्षेत्रको अध्ययन

**आदिल अली** *

## १. परिचय

नेपाल एक विकासशील राष्ट्र हो, जसमा वैदेशिक रोजगारीले राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। विगतका दशकहरूमा नेपाली युवाहरू रोजगारीको खोजीमा खाडी मुलुकहरू, मलेसिया, कतार, कुवेत लगायतका देशतिर पलायन हुने क्रम बढेको छ। यस प्रवृत्तिले एकातिर रेमिट्यान्सको माध्यमबाट देशको विदेशी मुद्रा आर्जनमा सहयोग गरेको छ भने अर्कोतिर परिवार तथा समाजमा गहिरा बहुआयामिक प्रभावहरू पारेको छ। सप्तरी जिल्लाको रूपनगर क्षेत्र, जुन कृषिप्रधान ग्रामीण समुदायमा आधारित छ, वैदेशिक रोजगारीको प्रभावबाट अछुतो रहन सकेको छैन। यस क्षेत्रका धेरै परिवारहरूले आफ्ना सदस्यहरूलाई विदेशी रोजगारीमा पठाएका छन्, जसले उनीहरूको आर्थिक अवस्था सुधार्ने प्रयास त गरेको छ, तर यसबाट सामाजिक तथा मनोवैज्ञानिक चुनौतीहरू पनि सिर्जना भएको छ।

यो अनुसन्धान अवधिमा वैदेशिक रोजगारीमा गएका परिवारका सदस्यहरू, शिक्षक, समाजसेवी र वडाध्यक्षसँग अन्तर्वार्ता लिइएको थियो। यस प्रतिवेदनले वैदेशिक रोजगारीले परिवारमा पारेको आर्थिक सुधार, सामाजिक परिवर्तन, मनोवैज्ञानिक तनाव तथा अन्य प्रभावहरूको विश्लेषण प्रस्तुत गरेको छ। नेपालको सन्दर्भमा वैदेशिक रोजगारीलाई एक आवश्यकताको रूपमा लिइन्छ, तर यसको दिगो व्यवस्थापनको अभावमा परिवारहरूले विभिन्न जटिल समस्याहरू भोग्नु परेको छ। यस अध्ययनले स्थानीय स्तरमा यस विषयको महत्त्वलाई उजागर गर्दै, नीतिगत सुधारका लागि व्यावहारिक सुझावहरू प्रदान गरेको छ।

वैदेशिक रोजगारीलाई नेपालको लागि दुई धारे तरबारका रूपमा लिन सकिन्छ। एकातिर यसले गरिबी न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका खेलेको छ भने अर्कोतिर यसले पारिवारिक विछोड, बालबालिकाको समग्र विकासमा नकारात्मक असर तथा सामाजिक संरचनामा आमूलचूल परिवर्तन ल्याएको छ। रूपनगर जस्तो ग्रामीण क्षेत्रमा कृषि मुख्य आम्दानीको स्रोत भए पनि अपर्याप्त उत्पादन, प्राकृतिक प्रकोप र बजार पहुँचको समस्याका कारण वैदेशिक रोजगारी एक प्रमुख विकल्पको रूपमा उभिएको छ। यस अध्ययनले यस्ता प्रभावित परिवारहरूको वास्तविक अनुभवलाई समेट्दै, वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक दुवै पक्षहरूको सन्तुलित मूल्याङ्कन गरेको छ। यो प्रतिवेदनले वैदेशिक रोजगारीको बहुआयामिक प्रभावलाई स्थानीय सन्दर्भमा प्रस्तुत गर्ने प्रयास गर्दछ।

## २. पृष्ठभूमि

नेपालमा वैदेशिक रोजगारीको इतिहास लामो छ। सन् १९९० को दशकदेखि नै नेपालीहरू रोजगारीका लागि भारत, खाडी मुलुकहरू र अन्य देशहरूतिर पलायन हुने क्रम शुरू भएको थियो। हाल नेपालबाट करिब ४५ लाख नेपाली वैदेशिक रोजगारीमा रहेका छन् भने वार्षिक रूपमा ७ देखि ८ लाख नेपालीहरू विदेश जान्छन्। यो संख्या नेपालको कूल जनसङ्ख्याको ठूलो हिस्सा हो, जसले राष्ट्रिय अर्थतन्त्रमा रेमिट्यान्सको रूपमा ठूलो योगदान पुऱ्याउँछ। नेपाल सरकारको तथ्याङ्क अनुसार, रेमिट्यान्सले कूल गार्हस्थ्य उत्पादन (जीडीपी) को करिब २५ प्रतिशत योगदान गर्दछ। तर यस आर्थिक लाभले गर्दा सामाजिक मूल्य चुकाउनुपरेको छ।

सप्तरी जिल्ला मध्य तराई क्षेत्रमा अवस्थित छ, जसमा रूपनगर, कन्चनरूप नगरपालिकाको १२ नम्बर वडामा पर्दछ। यो क्षेत्र मुख्य रूपमा कृषिमा निर्भर छ, तर बाढी, खडेरी, सिँचाइ सुविधाको अभाव र उन्नत प्रविधिको कमीका कारण कृषिबाट पर्याप्त आम्दानी हासिल गर्न गाह्रो हुँदै आएको छ। यसैकारण स्थानीय युवाहरू वैदेशिक रोजगारीतिर आकर्षित हुन्छन्। अध्ययनका अनुसार रूपनगरका धेरै परिवारहरूले आफ्ना छोरा, श्रीमान् वा अन्य सदस्यहरूलाई विदेश पठाएका छन्। उदाहरणका लागि,

कुवेत, कतार, मलेसिया जस्ता देशहरूमा गएका व्यक्तिहरू २ देखि ५ वर्षसम्म काम गर्छन्। केही फर्केर आउनेहरू पनि छन्, तर धेरैजसो छुट्टी सकेपछि फेरि विदेश जाने गर्छन्।

यस पृष्ठभूमिमा वैदेशिक रोजगारीले परिवारको आर्थिक स्तर उकासेको छ, तर सामाजिक रूपमा एक्लोपन, तनाव र बालबालिकाको हुर्कने वातावरणमा गम्भीर असर पारेको छ। स्थानीय स्तरमा शिक्षक, समाजसेवी र वडाध्यक्ष जस्ता व्यक्तिहरूले यो प्रभावलाई नजिकबाट अवलोकन गरिरहेका छन्। यस अध्ययनले यस्ता स्थानीय अनुभवहरूलाई समेट्दै, वैदेशिक रोजगारीको सन्दर्भमा रूपनगर क्षेत्रको विशेष स्थिति प्रस्तुत गर्दछ। यसले राष्ट्रिय स्तरको समस्यालाई स्थानीय दृष्टिकोणबाट हेर्न सहयोग पुऱ्याउँछ।

**३. अनुसन्धानका उद्देश्यहरू**

यस अनुसन्धानका मुख्य उद्देश्यहरू निम्नानुसार छन्:

**सामान्य उद्देश्य:** सप्तरी जिल्लाको, कञ्चनरूप नगरपालिकाको रूपनगर क्षेत्रमा वैदेशिक रोजगारीले परिवारमा पारेको आर्थिक तथा सामाजिक प्रभावको गहन अध्ययन गर्नु।

**विशिष्ट उद्देश्यहरू:**

- वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सले परिवारको आर्थिक अवस्थामा ल्याएको परिवर्तनको मूल्याङ्कन गर्नु।
- वैदेशिक रोजगारीका कारण परिवारमा देखिएका सामाजिक तथा मनोवैज्ञानिक प्रभावहरूको विस्तृत विश्लेषण गर्नु।
- स्थानीय विज्ञहरू (शिक्षक, समाजसेवी, जनप्रतिनिधि) को दृष्टिकोणबाट यस विषयको मूल्याङ्कन गर्नु।
- वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक पक्षहरूको तुलनात्मक अध्ययन गर्नु।
- यसबाट उत्पन्न प्रभावहरू न्यूनीकरण गर्नका लागि नीतिगत सुझावहरू प्रस्तुत गर्नु।

**४. समस्या कथन तथा अनुसन्धान प्रश्न**

वैदेशिक रोजगारी नेपालको लागि एक आर्थिक आवश्यकता हो, तर यसले परिवारमा विभिन्न सामाजिक-मनोवैज्ञानिक समस्या पनि सिर्जना गरेको छ। मुख्य समस्या कथन निम्नानुसार छ:

- रूपनगर क्षेत्रका परिवारहरूमा वैदेशिक रोजगारीले आर्थिक सुधार ल्याए पनि सामाजिक विछोड तथा मनोवैज्ञानिक तनावमा वृद्धि गरेको छ। यस समस्यालाई सम्बोधन गर्न निम्न अनुसन्धान प्रश्नहरू तयार पारिएका छन्:
- वैदेशिक रोजगारीमा गएका व्यक्तिहरू फर्केर आए पछि के गर्छन् र फेरि जाने इच्छा राख्छन् कि छैनन्?
- वैदेशिक रोजगारीले परिवारको सुख-सुविधा तथा जीवनशैलीमा के-कस्ता परिवर्तनहरू ल्याएको छ?
- परिवारमा एक्लोपन, चाडपर्वमा भावनात्मक समस्या तथा सामाजिक व्यवहारमा कस्ता परिवर्तनहरू देखिएका छन्?
- परिवार आर्थिक रूपमा सुदृढ भए पनि सामाजिक तथा मनोवैज्ञानिक समस्याहरू उस्तै छन् कि केही सुधार भएका छन्?
- स्थानीय विज्ञहरूका अनुसार वैदेशिक रोजगारीका प्रमुख सकारात्मक र नकारात्मक प्रभावहरू के-के हुन्?

**५. सन्दर्भ सामग्री अध्ययन**

वैदेशिक रोजगारीको प्रभावबारे विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययनहरू भएका छन्। नेपाल सरकारको वैदेशिक रोजगार विभागको प्रतिवेदन अनुसार रेमिट्यान्सले गरिबी दर घटाउन महत्त्वपूर्ण भूमिका खेलेको छ, तर यसले पारिवारिक विछोडलाई बढावा दिएको छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) को रिपोर्टले वैदेशिक रोजगारीमा महिलाहरूको बढ्दो सहभागिता र बालबालिकाको देखभालमा पार्ने नकारात्मक असरलाई उजागर गरेको छ।

स्थानीय सन्दर्भमा, सप्तरी जिल्लाका अध्ययनहरूले कृषिप्रधान क्षेत्रहरूमा वैदेशिक रोजगारीको आवश्यकता र यसको द्वन्द्वात्मक भूमिकालाई देखाएका छन्। उदाहरणका लागि, एक अध्ययनले रेमिट्यान्सबाट शिक्षा र स्वास्थ्य सेवामा सुधार भए तापनि मानसिक स्वास्थ्य समस्याहरू बढेको उल्लेख गरेको छ। समाजशास्त्रीय अध्ययनहरूले वैदेशिक रोजगारीले सामाजिक संरचनामा परिवर्तन गरेको, परिवारको एकता कमजोर पारेको र सामुदायिक सम्बन्धहरूमा ढिलाइ ल्याएको बताएका छन्। यस अनुसन्धानले यी सैद्धान्तिक र व्यावहारिक सन्दर्भहरूलाई आधार मानेर रूपनगर क्षेत्रको विशिष्ट तथ्याङ्क सङ्कलन र विश्लेषण गरेको छ।

## ६. अनुसन्धान विधि

यो अनुसन्धान मुख्यतया गुणात्मक विधिमा आधारित छ, जसले वैदेशिक रोजगारीको प्रभावलाई गहिरो रूपमा बुझ्नका लागि व्यक्तिगत अनुभवहरू, भावनाहरू र दृष्टिकोणहरूलाई प्राथमिकता दिएको छ। गुणात्मक विधिको प्रयोगले संख्यात्मक तथ्याङ्क भन्दा बढी भावनात्मक, सामाजिक र सांस्कृतिक पक्षहरूलाई उजागर गर्न सहयोग गर्दछ। यसका साथै, केही मात्रात्मक तत्वहरू, जस्तै नेपालबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको संख्या, वार्षिक पलायन दर आदि पनि समावेश गरिएको छ, जसले अध्ययनलाई सन्तुलित र सन्दर्भयुक्त बनाउँछ। अनुसन्धान डिजाइनमा पूर्वनिर्धारित प्रश्नहरूका साथै खुला छलफलको अवसर पनि राखिएको छ, जसले उत्तरदाताहरूलाई आफ्ना अनुभवहरू स्वतन्त्र र सहज रूपमा व्यक्त गर्न सहज बनाउँछ।

प्राथमिक तथ्याङ्क सङ्कलनका लागि मुख्य रूपमा अर्ध-संरचित अन्तर्वार्ता विधि प्रयोग गरिएको हो, जुन यस जस्तो संवेदनशील विषयको लागि उपयुक्त छ किनभने यसले व्यक्तिगत कथा र भावनात्मक अनुभवहरू समेट्न मद्दत गर्दछ। नमूना चयनका लागि उद्देश्यपूर्ण नमूना चयन विधि (Purposive Sampling) अपनाइएको छ, जसमा वैदेशिक रोजगारीसँग प्रत्यक्ष सम्बन्धित व्यक्तिहरूलाई छनोट गरिएको छ। विशेष गरी, ४ जना परिवारका सदस्यहरू (हसिना खातुन, मारियम खातुन, मोहम्मद अजहर अली र तैयब अली) सँग अन्तर्वार्ता लिइएको छ, जसका परिवारका एक वा बढी सदस्यहरू वैदेशिक रोजगारीमा रहेका छन्। यी उत्तरदाताहरू रूपनगर क्षेत्रका प्रतिनिधि हुन्, जसले ग्रामीण परिवारको वास्तविक सामाजिक-आर्थिक अवस्थालाई प्रतिनिधित्व गर्दछन्। विशेषज्ञ दृष्टिकोण जान्नका लागि एक जना शिक्षक (रुपेश चौधरी), एक जना समाजसेवी (हरेन्द्र बिक्रम खड्का) र एक जना वडाध्यक्ष (कृष्ण प्रसाद साह) सँग पनि अन्तर्वार्ता लिइएको छ।

अनुसन्धान अवधिमा तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रतिवेदन लेखन समावेश गरिएको छ। तथ्याङ्क सङ्कलनका लागि एउटा विस्तृत प्रश्नावली तयार पारिएको थियो, जसमा आर्थिक अवस्था, सामाजिक प्रभाव, मनोवैज्ञानिक तनाव, विदेशको कामको परिस्थिति, परिवारमा एक्लोपनको अनुभूति, सुख-सुविधामा आएको परिवर्तन र सामाजिक व्यवहार जस्ता पक्षहरू समेटिएका थिए। अन्तर्वार्ताहरू उत्तरदाताहरूको सहजताको लागि स्थानीय भाषा (मैथिली र नेपाली मिश्रित) मा लिइएका थिए, जसलाई पछि नेपाली भाषामा अनुवाद गरिएको छ। अनुसन्धान नैतिकताको पालन गर्दै उत्तरदाताहरूको गोपनीयता कायम राखिएको छ र सहभागिताको लागि उनीहरूको सूचित सहमति लिइएको छ।

विश्लेषणका लागि विषयगत विश्लेषण विधि (Thematic Analysis) प्रयोग गरिएको छ, जसमा सङ्कलित जानकारीलाई मुख्य विषयवस्तुहरू जस्तै आर्थिक सुधार, सामाजिक विछोड, मनोवैज्ञानिक प्रभाव आदिमा वर्गीकरण गरिएको छ। यस विधिले तथ्याङ्कलाई व्यवस्थित र स्पष्ट रूपमा व्याख्या गर्न सहयोग गर्दछ। तथ्याङ्क प्रस्तुतीकरणमा तालिका र अनुभवका कथनहरूको प्रयोगले विश्लेषणलाई अधिक प्रभावकारी बनाएको छ। यो विधि सीमित स्रोत र समयमा पनि गहन नतिजा दिन सक्ने देखिन्छ। अनुसन्धानका सीमाहरू, जस्तै छोटो अवधि र सीमित नमूना सङ्ख्यालाई स्वीकार गर्दै, भविष्यका अध्ययनहरूका लागि सुझावहरू पनि समावेश गरिएको छ। समग्रमा, यस विधिले वैदेशिक रोजगारीको प्रभावलाई बहुआयामिक र यथार्थपरक रूपमा प्रस्तुत गर्न सफल भएको छ।

## ७. जानकारी, तथ्याङ्क तथा सूचना सङ्कलन

तथ्याङ्क सङ्कलन प्रक्रिया अनुसन्धानको केन्द्रिय भाग हो, जसमा प्रत्यक्ष अन्तर्वार्ता र द्वितीयक स्रोतहरूको प्रयोग गरिएको छ। प्राथमिक तथ्याङ्कका लागि रूपनगर क्षेत्रमा स्थानीय परिवारहरू र विशेषज्ञहरूसँग भेटघाट गरिएको छ। यस प्रक्रियामा वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको परिवारबाट विस्तृत जानकारी सङ्कलन गरिएको छ, जसमा उनीहरूको विदेश जाने कारण, कामको अवधि, आम्दानीको प्रकृति, विदेशको कामको परिस्थिति, परिवारमा एक्लोपनको अनुभूति, जीवनस्तरमा परिवर्तन, समस्याहरूको समाधानको अवस्था र सामाजिक व्यवहारमा भएको फरक आदि समावेश छन्। उदाहरणका लागि, हसिना खातुनका श्रीमान् कुवेतमा ३ वर्षदेखि काम गरिरहेका छन् र उनको परिवारको मुख्य आम्दानी कृषि भएको जानकारी प्राप्त भएको छ। अन्य उत्तरदाताहरूबाट पनि समान विषयहरूमा तथ्याङ्क सङ्कलन गरिएको छ।

मात्रात्मक तथ्याङ्कका लागि द्वितीयक स्रोतहरू जस्तै नेपाल सरकारको वैदेशिक रोजगार विभाग, नेपाल राष्ट्र बैंक र अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) का प्रतिवेदनहरूबाट जानकारी लिइएको छ। तथ्याङ्क अनुसार नेपालबाट करिब ४५ लाख नेपाली वैदेशिक रोजगारीमा रहेका छन् र वार्षिक रूपमा ७ देखि ८ लाख नेपालीहरू विदेश जान्छन्। फर्केर आउने व्यक्तिहरूको बारेमा पनि जानकारी सङ्कलन गरिएको छ, जसमा उनीहरू सामान्यतया छुट्टी मनाएर वा आवश्यक कामहरू गरेर फेरि विदेश फर्किने गरेको पाइएको छ। यसले वैदेशिक रोजगारीलाई एक चक्रीय र अस्थायी प्रक्रियाको रूपमा देखाउँछ।

विशेषज्ञहरूसँग गरिएको अन्तर्वार्ताबाट आर्थिक तथा सामाजिक अवस्थाबारे गहन जानकारी प्राप्त भएको छ। शिक्षक रुपेश चौधरीले रेमिट्यान्सबाट शिक्षा र स्वास्थ्य सेवामा सुधार भए तापनि परिवारका सदस्यहरूबीचको भावनात्मक सम्बन्ध कमजोर भएको उल्लेख गरेका छन्। समाजसेवी हरेन्द्र बिक्रम खड्काले महिलामा बढेको घरेलु तथा सामाजिक जिम्मेवारी र बालबालिकाको व्यवहार तथा मनोवैज्ञानिक विकासमा पारेको असरबारे विस्तृत जानकारी दिएका छन्। वडाध्यक्ष कृष्ण प्रसाद साहले स्थानीय तहमा देखिएको आर्थिक संकट र सामाजिक सम्बन्धहरूमा आएको परिवर्तनबारे बताएका छन्। एउटा निजी अनुभवको कथा (हरिको कथा) पनि सङ्कलन गरिएको छ, जसले वैदेशिक रोजगारीबाट सिकेको व्यावसायिक सीपलाई स्वदेशमा उद्यमशीलताको रूपमा प्रयोग गर्ने सकारात्मक पक्षलाई चित्रण गर्दछ।

सूचना सङ्कलन र प्रस्तुतीकरणमा तालिकाको प्रयोग पनि गरिएको छ, जसमा वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक प्रभावहरूको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ। यो तालिकाले प्रभावलाई पारिवारिक, मनोवैज्ञानिक, सामाजिक, आर्थिक, बालबालिका र समुदाय स्तरमा वर्गीकरण गरेको छ। तथ्याङ्क सङ्कलन प्रक्रियालाई व्यवस्थित बनाउन नोटबुक, रेकर्डिङ उपकरण तथा प्रश्नावलीको प्रयोग गरिएको थियो। उत्तरदाताहरूको उपलब्धता, भाषागत बोधगम्यता र संवेदनशील विषयसँग सम्बन्धित चुनौतीहरूलाई सम्बोधन गर्दै अनुसन्धान प्रक्रिया सफलतापूर्वक सम्पन्न गरिएको छ।

### ८. जानकारी, तथ्याङ्क तथा सूचना प्रस्तुति

सङ्कलित जानकारीलाई व्यवस्थित र प्रभावकारी ढङ्गले प्रस्तुत गर्नु अनुसन्धानको एक महत्त्वपूर्ण चरण हो। यस खण्डमा अन्तर्वार्ताबाट प्राप्त मुख्य जानकारी, तथ्याङ्क र सूचनाहरूलाई विस्तारपूर्वक वर्णन गरिएको छ।

**परिवारका सदस्यहरूबाट सङ्कलित जानकारी**

हसिना खातुन: श्रीमान् कुवेतमा ३ वर्ष अघिदेखि वैदेशिक रोजगारीमा रहेका छन्। परिवारमा ४ जना सदस्य रहेका छन् र मुख्य आम्दानीको स्रोत कृषि हो। अन्य सदस्यहरू पनि कृषि कार्यमा संलग्न छन्। विदेश गएकाको कामको परिस्थिति बारे थाहा छ र त्यहाँको अवस्था सुन्दा राम्रो लाग्छ तर घरमा एक्लोपन महसुस हुन्छ, विशेष गरी चाडपर्वमा। सुख-सुविधामा फरक छ: पहिले आज खाए भोलि के खाने चिन्ता थियो, तर अहिले त्यो आर्थिक दैनिकीको समस्या छैन। तैपनि सामाजिक सम्बन्ध र समुदायमा सहभागिताको स्तरमा कुनै ठूलो फरक देखिएको छैन।

मारियम खातुन: छोरा २ वर्षदेखि कतारमा काम गर्दै रहेका छन्। परिवारमा ४ जना सदस्य रहेका छन् भने आम्दानीको मुख्य स्रोत कृषि नै हो। विदेशको परिस्थिति राम्रो लाग्छ तर परिवारमा एक्लोपनको अनुभव हुन्छ। सुख-सुविधा: पहिले अरूको काम

गरेर जीवन निर्वाह गर्नुपर्थ्यो, तर अहिले आफ्नै घरमा सुखसँग बस्न पाइएको छ। सामाजिक व्यवहारमा उल्लेख्य फरक देखिएको छैन।

मोहम्मद अजहर अली: छोरा मलेसियामा ४ वर्षदेखि काम गर्दै रहेका छन्। परिवारमा ८ जना सदस्य रहेका छन्। एक जना शिक्षक र परिवारका अन्य सदस्यहरू कृषि कार्यमा व्यस्त छन्। विदेशको काम गर्ने परिस्थिति राम्रो छ, तर घरमा एक्लोपनको अनुभव हुन्छ। सुख-सुविधा: पहिले कमाएको पैसा घरखर्चमा मात्र सकिन्थ्यो, तर अहिले अलिअलि बचत समेत हुन थालेको छ। घरका आधारभूत समस्या कम भएका छन् र जीवनको गुणस्तरमा सुधार आएको छ। सामाजिक व्यवहारमा कुनै खास फरक देखिएको छैन।

तैयब अली: आफैं कुवेतमा ५ वर्ष अघि गएर काम गरेका व्यक्ति हुन्। परिवारमा जम्मा ६ जना सदस्य रहेका छन् भने आम्दानीको मुख्य स्रोत कृषि हो। विदेशको परिस्थिति थाहा छ तर त्यो जीवन राम्रो लाग्दैन र एक्लोपन महसुस हुन्छ। सुख-सुविधा: पहिले हरेक सानो ठूलो कुराको लागि पनि चिन्ता गर्नुपर्थ्यो, तर अहिले पैसा बचत हुन थालेको छ। समस्या कम भए पनि पूर्ण रूपमा समाप्त भएका छैनन्। सामाजिक व्यवहारमा फरक छ: धन हुनु अघि र पछि समाजको मानिसहरूको सोच र व्यवहारमा फरक देखिन्छ।

**९. विश्लेषण**

सङ्कलित तथ्याङ्क, जानकारी र सूचनाको विश्लेषणले वैदेशिक रोजगारीको जटिल बहुआयामिक प्रभावलाई स्पष्ट रूपमा उजागर गर्दछ। आर्थिक पक्षबाट हेर्दा, रेमिट्यान्सले परिवारको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याएको स्पष्ट छ। उदाहरणका लागि, हसिना खातुन र मारियम खातुनको अवस्थामा पहिलेको तुलनामा अहिले दैनिक आर्थिक चिन्ता कम हुँदै गएको छ। मोहम्मद अजहर अलीको उत्तरले बचतको संस्कृति बढेको र दीर्घकालीन आर्थिक सुरक्षाको भावना विकसित भएको देखाउँछ। तर तैयब अलीको अनुभवले आर्थिक समस्या पूर्ण रूपमा समाप्त नभएको र केही हदसम्म सामाजिक मूल्य चुक्तान गरेको संकेत गर्दछ। विशेषज्ञहरूका अनुसार, रेमिट्यान्सले शिक्षा, स्वास्थ्य र आवास जस्ता क्षेत्रमा सुधार ल्याएको छ, तर यसको असमान वितरण, ऋणको बोझ, शोषणको जोखिम र अप्रत्याशित आर्थिक संकटले आर्थिक असुरक्षालाई बढाउन सक्छ। यसले वैदेशिक रोजगारीलाई एक अस्थिर र जोखिमपूर्ण आय स्रोतको रूपमा चित्रण गर्दछ।

सामाजिक पक्षमा, एक्लोपन र पारिवारिक विछोड सबैभन्दा प्रमुख रूपमा उठेका समस्याहरू हुन्। सबै अन्तर्वार्तादाताहरूले चाडपर्व, सामाजिक समारोहहरू र दैनिक जीवनमा एक्लोपनको गहिरो अनुभूति गरेको उल्लेख गरेका छन्, जसले पारिवारिक भावनात्मक सम्बन्धहरूलाई कमजोर पारेको छ। विशेषज्ञहरूको दृष्टिकोणले बालबालिकामा अनुशासनहीनता, पढाइमा असावधानी, महिलामा दोहोरो (घरेलु र आर्थिक) जिम्मेवारीको बोझ र वैवाहिक सम्बन्धमा तनाव बढेको बताउँछ। यसले समाजको पारम्परिक संरचनामा परिवर्तन ल्याएको छ, जस्तै छिमेकीसँगको सहज सम्बन्ध कमजोर हुँदै गएको र सामुदायिक सहभागिता घटेको देखिन्छ। तथापि, सकारात्मक रूपमा, सामाजिक चेतना बढेको, महिलाको निर्णय प्रक्रियामा सहभागिता र आत्मनिर्भरताको भावना बलियो भएको पनि अवलोकन गरिएको छ।

मनोवैज्ञानिक प्रभावहरूमा, परिवारका सदस्यहरूमा तनाव, चिन्ता र अवसादको स्तर बढेको देखिन्छ। विदेशमा रहेका सदस्यको सुरक्षा र स्वास्थ्यको चिन्ता, घरमा एक्लै बस्नुपर्ने अनिवार्यता र भविष्यको अनिश्चितताले मानसिक स्वास्थ्यलाई प्रभावित गरेको छ। सङ्कलित जानकारीको विश्लेषणले सकारात्मक पक्ष (आत्मविश्वास बढ्ने, नयाँ अनुभव) र नकारात्मक पक्ष (एक्लोपन, तनाव) दुवैलाई सन्तुलित रूपमा देखाउँछ। गहन विश्लेषणले देखाउँछ कि विदेशमा काम गरेर फर्केका धेरै व्यक्तिहरू स्थानीय रोजगारीको अभावमा फेरि विदेश जाने चक्रमा फसेका छन्, जसले दीर्घकालीन र स्थायी समाधानको कमी राष्ट्रिय स्तरमा रहेको संकेत गर्दछ। राष्ट्रिय तथ्याङ्क (४५ लाख नेपाली विदेशमा) ले यो समस्याको व्यापकता देखाउँछ। रूपनगरमा कृषिसँगै वैदेशिक रोजगारी मुख्य आय स्रोत बने पनि, यसले युवा पलायनलाई बढावा दिएको, स्थानीय उत्पादक शक्तिलाई कमजोर पारेको छ।

समग्र विश्लेषणले वैदेशिक रोजगारीलाई नेपाली अर्थतन्त्रको लागि आवश्यक तर सामाजिक-मनोवैज्ञानिक दृष्टिले जोखिमपूर्ण घटनाको रूपमा प्रस्तुत गर्दछ। सकारात्मक पक्षहरू (आर्थिक सुधार, सामाजिक चेतना) लाई संरक्षण गर्दै नकारात्मक प्रभावहरू (पारिवारिक विछोड, मानसिक तनाव, सामाजिक संरचनामा कमजोरी) लाई न्यूनीकरण गर्ने गरी नीतिगत हस्तक्षेपको तत्काल आवश्यकता रहेको छ। यो विश्लेषण विषयगत र व्यवस्थित ढङ्गले गरिएको छ, जसले प्रत्येक पक्षलाई गहिरो रूपमा छुने प्रयास गरेको छ। भविष्यमा ठूलो नमूनामा आधारित मात्रात्मक सर्वेक्षणले यस विश्लेषणलाई अझ बलियो बनाउन सक्छ।

**१०. निष्कर्ष**

यस अध्ययनको निष्कर्ष अनुसार, वैदेशिक रोजगारीले रूपनगर क्षेत्रका परिवारहरूमा आर्थिक स्थितिमा स्पष्ट सुधार ल्याएको छ, तर यसले सामाजिक एकतामा कमी र मनोवैज्ञानिक समस्याहरूमा वृद्धि गरेको छ। रेमिट्यान्सबाट भौतिक सुख-सुविधा बढेको छ, तर एक्लोपन, पारिवारिक विछोड र मानसिक तनावले व्यक्ति र परिवारको जीवनलाई जटिल बनाएको छ। विशेषज्ञहरूका अनुसार सकारात्मक प्रभावहरू, जस्तै शिक्षा, स्वास्थ्य र आवासमा भएको सुधारलाई दिगो बनाउन आवश्यक छ भने नकारात्मक पक्षहरू, जस्तै बालबालिकाको संरक्षणमा कमी, महिलामा बढेको दबाव र युवा पलायनलाई सम्बोधन गर्नुपर्छ। धेरै परिवारहरू चक्रीय प्रवास (विदेश जाने र फर्केर आउने) को चक्रमा फसेका छन्, जसले दीर्घकालीन विकासलाई अवरुद्ध गरेको छ। यस समस्याको स्थायी समाधानका लागि देशभित्रै उत्पादक रोजगारी सिर्जना गर्नु सबैभन्दा प्रभावकारी उपाय हुन सक्छ, जसले परिवारलाई टुक्रिएर नबस्नु पर्ने अवस्थाबाट मुक्त गराउनेछ। समग्रमा, वैदेशिक रोजगारीलाई एक आवश्यक आर्थिक अवसरको रूपमा स्वीकार गर्दै यसबाट उत्पन्न सामाजिक चुनौतीहरू न्यूनीकरण गर्ने सन्तुलित दृष्टिकोण अपनाउनु जरुरी छ।

**११. सिफारिसहरू**

यस अध्ययनको आधारमा निम्नलिखित सिफारिसहरू प्रस्तुत गरिएका छन्:

- **नीतिगत सुधार:** वैदेशिक रोजगारीलाई मात्र आर्थिक दृष्टिकोणले नभएर सामाजिक सुरक्षाको दृष्टिकोणले समेत व्यवस्थापन गर्नुपर्छ। पलायन अघि र पश्चात् परामर्श सेवा, कानुनी जानकारी र मनोसामाजिक सहयोग जस्ता सेवाहरू बिस्तार गर्नुपर्छ।
- **स्थानीय रोजगारी सिर्जना:** सरकारले सूचना प्रविधि, कृषि उद्योग, हस्तशिल्प जस्ता क्षेत्रमा सूक्ष्म, लघु तथा मझौला उद्यम (एमएसएमई) लाई प्रोत्साहन दिएर स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जना गर्नुपर्छ।
- **रेमिट्यान्सको उत्पादक उपयोग:** रेमिट्यान्सलाई घरखर्च मात्र सीमित नराखी, बैंकिङ्ग प्रणालीमार्फत् औपचारिक गराई उद्यमशीलता र उत्पादक लगानीमा प्रवृत्त गराउने कार्यक्रमहरू चलाउनुपर्छ।
- **महिला सशक्तिकरण:** पुरुष पलायन पछि घर परिवार सम्भाल्नुपर्ने महिलाहरूलाई आर्थिक साक्षरता, सीप विकास तालिम र सामुदायिक सहयोगजालबाट सशक्त बनाउनुपर्छ।
- **बालबालिका संरक्षण:** विदेशमा आमा वा बुबा नभएको परिवारका बालबालिकाहरूको मनोसामाजिक हितका लागि विद्यालय आधारित परामर्श कार्यक्रम र सामुदायिक देखरेख प्रणाली विकास गर्नुपर्छ।
- **अनुसन्धान र तथ्याङ्क व्यवस्थापन:** वैदेशिक रोजगारीको दीर्घकालीन प्रभाव मापन गर्न, नियमित रूपमा गुणात्मक र मात्रात्मक अनुसन्धान गर्नुपर्छ र तथ्याङ्कलाई केन्द्रिय डाटाबेसमा व्यवस्थित गर्नुपर्छ।

**१२. भविष्यका अनुसन्धानका लागि सुझाव**

वैदेशिक रोजगारीको विषयलाई अझ विस्तार र गहिराइसँग बुझ्न भविष्यमा निम्न क्षेत्रहरूमा अनुसन्धान गर्न सुझाव दिइएको छ:

- **तुलनात्मक क्षेत्रीय अध्ययन:** सप्तरी जिल्लाको रूपनगर क्षेत्रलाई नेपालको पहाडी वा अन्य तराई क्षेत्रसँग तुलनात्मक अध्ययन गरी प्रभावको क्षेत्रीय भिन्नता विश्लेषण गर्ने।
- **लिङ्गगत अध्ययन:** वैदेशिक रोजगारीमा महिलाको बढ्दो सहभागिता र त्यसले उनीहरूको सामाजिक-आर्थिक अवस्था, स्वायत्तता र चुनौतीहरूमा पारेको असरमा केन्द्रित विशेष अध्ययन गर्ने।

- दीर्घकालीन प्रभाव मूल्याङ्कन: १० वर्ष वा त्यसभन्दा बढी समयदेखि विदेशमा रहेर फर्केका व्यक्तिहरूको पुनर्एकीकरण, आर्थिक स्थिति, सामाजिक स्वीकृति र मानसिक स्वास्थ्यको दीर्घकालीन अध्ययन गर्ने।
- मात्रात्मक सर्वेक्षण: ठूलो नमूना आकार (Sample Size) लिई राष्ट्रिय वा प्रादेशिक स्तरमा मात्रात्मक सर्वेक्षण गरी प्राप्त तथ्याङ्कको सांख्यिकीय विश्लेषण गर्ने, जसले नीति निर्माणलाई ठोस आधार प्रदान गर्नेछ।
- सीप उपयोग तथा उद्यमशीलता: वैदेशिक रोजगारीबाट फर्केर आएका व्यक्तिहरूले प्राप्त गरेका व्यावसायिक सीपहरू कसरी स्थानीय उद्यमशीलता र आत्मरोजगारीमा प्रयोग गर्न सकिन्छ भन्ने विषयमा अनुसन्धान गर्ने।
- मानसिक स्वास्थ्य प्रभावको गहन अध्ययन: मानकीकृत मनोवैज्ञानिक उपकरणहरू प्रयोग गरी विदेशी रोजगारबाट प्रभावित परिवारका सदस्यहरूमा देखिएका चिन्ता, अवसाद र तनावको वैज्ञानिक मापन र कारकविश्लेषण गर्ने।

**१३. सन्दर्भ सामग्री**


- वैदेशिक रोजगार विभाग, नेपाल सरकार। (२०८२)। वैदेशिक रोजगारी सम्बन्धी वार्षिक प्रतिवेदन। काठमाडौँ।
- अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO)। (२०२३)। Migration and Development in Nepal: Trends, Impacts and Policy Considerations. जेनेवा।
- नेपाल राष्ट्र बैंक। (२०८१)। रेमिट्यान्स र नेपाली अर्थतन्त्र: एक विश्लेषण। काठमाडौँ।
- केसी, बी.के., र भट्टराई, आर.पी. (२०२२)। वैदेशिक रोजगारी र सामाजिक संरचनामा परिवर्तन: नेपालको सन्दर्भ। समाजशास्त्र जर्नल, १५(२), ४५-६७।
- सप्तरी जिल्ला विकास समिति। (२०८०)। सप्तरी जिल्ला विकास प्रोफाइल। राजविराज।
- थापा, एस., र दहाल, एम. (२०२१)। ग्रामीण नेपालमा रेमिट्यान्स र गरिबी: एक अध्ययन। नेपाल आर्थिक अध्ययन जर्नल, १२(१), ८९-११०।
- यस अनुसन्धानको प्राथमिक तथ्याङ्क: आदिल अलीद्वारा सप्तरी जिल्लाको रूपनगर क्षेत्रमा सन् २०८२ मा सङ्कलित अन्तर्वार्ताहरू।


*** आदिल अली रूपनगर स्थित नन्दराज संग्रौला क्याम्पसमा बि.बि.एस. दोस्रो वर्षका छात्र हुन्।**

**स्रोत: रूपनगर क्याम्पस फिचर सेवा।**